आज मिति २०७७०२०२ गते शुक्रबारका दिन मिथिला नगरपालिकाका प्रमुख श्री हरीनारायण महतोज्यूको अध्यक्षतामा उप प्रमुख, वडा अध्यक्ष तथा कार्यपालिका सदस्यज्यूहरुको निम्न अनुसारको उपस्थितमा कार्यपालिकाको बैठक बसी नेपालको संविधानको धारा २१४ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को क्षेत्राधिकार भित्र रहि तपसिल बमोजिमका निर्णयहरु गरियो ।

## उपस्थिति

| क्र.सं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री हरि नारायण महतो | नगर प्रमुख | |
| २ | श्री तारा कुमारी बस्नेत | उप-प्रमुख | |
| ३ | श्री लक्ष्मी महतो | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री विहारी महतो | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री राम एकवाल महतो | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री विष्णुहरि खदाल | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री श्यामबाबु यादव | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री भक्त वहादुर बलम्पाकी | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री रामु साह तेली | का.वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री देवनारायण महतो | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री दीपक जंग थापा | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्रीसविन विक्रम थापा | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री बेद वहादुर कार्की | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री राजदेव ठाकुर | कार्यपालिका सदस्य | |
| १५ | श्री गुलाब ठाकुर | कार्यपालिका सदस्य | |
| १६ | श्री देवी वहादुर तोंलागे | कार्यपालिका सदस्य | |
| १७ | श्री ठेट कुमारी दहाल | कार्यपालिका सदस्य | |
| १८ | श्री अनिता परियार | कार्यपालिका सदस्य | |
| १९ | श्री जहरी देवी | कार्यपालिका सदस्य | |
| २० | श्रीसीता भित्रीकोटी | कार्यपालिका सदस्य | |
| २१ | श्री रेणु हेन्जन | कार्यपालिका सदस्य | |
| २२ | श्री रचिन्द्र डङ्गोल | प्रमुख प्रशासकीय अधिकृत | |

## मिथिला नगरपालिका, नगर कार्यपालिकाको बैठकको प्रस्ताव तथा निर्णयहरु

**मिति २०७७।०२।०२**

**बैठकका प्रस्तावहरु :**

प्रस्ताव नं.१) यस मिथिला नगरपालिका वडा नं. ११ स्थित श्री मा.वि., तुलसी चौडामा कक्षा नर्सरी देखि कक्षा ५ सम्म अंग्रेजी माध्यमबाट पठन पाठन गराउनका लागि नियुक्ति भएका ६ जना शिक्षकहरुको २०७६ श्रावण देखि २०७७ आषाढ मसान्तसम्मको तलव भुक्तानी गर्न आवश्यक पर्ने रकम वडा नं. ११ को लागि चालु खर्च शिर्षकमा तुलसी चौडा मा.वि. तुलसीलाई अनुदान कार्यक्रममा विनियोजित रकमबाट खर्च लेख्ने सम्बन्धमा ।

प्रस्ताव नं.२) यस न.पा.कार्यालयको कृषि बिकास शाखाको स्वीकृत वार्षिक कार्यक्रममा कृषकहरुको लागि बिउ वितरण गर्ने कार्यक्रमका सम्बन्धमा यस न.पा.का कृषकहरुलाई ५० प्रतिशत लागत सहभागीताको आधारमा अधिकतम जम्मा २२० क्वीन्टल धानको बिउ वितरण गर्ने भनी यस न.पा.कार्यपालिकाको मिति २०७७।०१।२२ गतेको बैठकबाट निर्णय भएकोमा विभिन्न जातका बिउहरु केति मात्रामा खरिद गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.३) यस मिथिला नगरपालिका वडा नं.१० बस्ने एक जना व्यक्तिमा कोभिड-१९ भाइरस पोजिटिभ देखिएको हुंदा उक्त भाइरस संक्रमण फैलिनबाट रोक्नको लागि आवश्यक व्यवस्था गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.४) जिल्ला प्रशासन कार्यालयबाट मिति २०७७।०१।३१ को पत्रबाट क्वारेन्टाइन क्षमता बृद्धिको लागि अनुरोध भएको हुंदा सोको लागि आवश्यक व्यवस्था गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.५) यस मिथिला नगरपालिका वडा नं. ३ निवासी सकुन महतोको छोरा जयनारायण महतोलाई क्यान्सर रोगको उपचारको लागि बि.पी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा बिपन्न नागरिकको सिफारिस गरिसकेको र वडा कार्यालयबाट निवेदकको माग बमोजिम औषधी उपचारको लागि आर्थिक सहायताको लागि पुनः अनुरोध भै आएको हुंदा जयनारायण महतोलाई औषधी उपचारको लागि आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा ।

प्रस्ताव नं.६) यस मिथिला नगरपालिका वडा नं. ७ निवासी नरबहाादुर कार्कीकी श्रीमती मनमायां कार्कीलाई क्यान्सर रोग लागेको हुंदा पुनः थप उपचारको लागि भरतपुर अस्पतालमा उपचार गराउन आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा ।

प्रस्ताव नं.७) यस मिथिला नगरपालिका वडा नं.४ पुष्पवलपुर स्वास्थ्य चौकीमा कार्यरत अ.न.मी चन्द्ररेखा यादवको कार्यालय समयमा सवारी दुर्घटनामा परी निधन भएको हुंदा श्रद्धान्जलि अर्पण गर्ने सम्बन्धमा ।

२०७७/२/२

**बैठकका निर्णयहरु** :

निर्णय नं.१) प्रस्ताव नं.१ मा छलफल गर्दा यस मिथिला नगरपालिका वडा नं. ११ स्थित श्री मा.वि., तुलसी चौडामा कक्षा नर्सरी देखि कक्षा ५ सम्म अंग्रेजी माध्यमबाट पठन पाठन गराउनका लागि नियुक्ति भएका ६ जना शिक्षकहरुको २०७६ श्रावण देखि २०७७ आषाढ मसान्तसम्मको तलव भुक्तानी गर्न उक्त विद्यालयबाट पेश भएको विवरण बमोजिम आवश्यक पर्ने जम्मा रु.७,९,३०००।- (अक्षरुपी सात लाख त्रीयानब्बे हजार मात्र) वडा नं. ११ को लागि चालु खर्च शिर्षकमा तुलसी चौडा मा.वि. तुलसीलाई अनुदान कार्यक्रममा विनियोजित रु.१०,००,०००।- मध्येबाट उक्त विद्यालयलाई निकासा गर्ने निर्णय पारित गरियो ।

साथै यस न.पा.का विभिन्न वडाहरुमार्फत विद्यालयहरुको लागि पूंजीगत अनुदान शिर्षकमा विनियोजित भएको रकम सम्बन्धित विद्यालयहरुको खातामा जम्मा गरी उक्त खाता रोक्का राख्ने र विद्यालयहरुबाट प्राप्त हुने कार्य प्रगति विवरणको आधारमा आवश्यक रकम फुकुवा गर्न नियमानुसार आवश्यक व्यवस्था गर्ने निर्णय समेत पारित गरियो ।

निर्णय नं.२) प्रस्ताव नं.२ मा छलफल गर्दा यस न.पा.कार्यालयको कृषि बिकास शाखाको स्वीकृत वार्षिक कार्यक्रममा कृषकहरुको लागि बिउ वितरण गर्ने कार्यक्रमका सम्बन्धमा यस न.पा.का कृषकहरुलाई ५० प्रतिशत लागत सहभागीताको आधारमा अधिकतम जम्मा २२० क्वीन्टल धानको बिउ वितरण गर्ने भनी यस न.पा.कार्यपालिकाको मिति २०७७।०१।२२ गतेको बैठकबाट निर्णय भएकोमा बजारमा बिउको उपलब्धता समेतलाई मध्यनजर गर्दै निम्नानुसारका विउ निम्न परिमाणमा खरिद गरि वितरण गर्ने निर्णय पारित गरियो ।

क) सावित्रि-८००० के.जी. (ख) हर्दिनाथ-४००० के.जी. (ग) सुख्खा ३-२००० के.जी. (घ) सुख्खा २-२००० के.जी. (ङ) बहुगुणी २-२००० के.जी. (च) राम-२००० के.जी. (च) सावां सव १-२००० के.जि.

निर्णय नं.३) प्रस्ताव नं.३ मा छलफल गर्दा यस मिथिला नगरपालिका वडा नं.१० बस्ने एक जना व्यक्तिमा कोभिड-१९ भाइरस पोजिटिभ देखिएको हुंदा उक्त भाइरस संक्रमण फैलिनबाट रोक्नको लागि उक्त क्षेत्रमा ७ दिन सम्मको लागि आवागमनमा पूर्ण रुपमा रोक लगाउने, उक्त क्षेत्रलाई डिसइन्फेक्सन गर्ने तथा तहांका बासिन्दाहरुलाई प्रति परिवार चामल (मन्सुली) १५ के.जी., दाल (मुसुरो) २ के.जी., तेल आधा लिटर, नून १ के.जी. का दरले राहत सामाग्री समेत वितरण गर्ने निर्णय पारित गरियो । राहत सामाग्री वितरण गर्न हाल न.पा.मा मौज्दात रहेको राहत सामाग्री उपयोग गर्नुका साथै थप २३ क्वीन्टल चालम, दाल ३१० के.जी., तेल १५५ लिटर र नून १५० के.जी सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ को उपदफा घ(३) र दफा ६६ मा व्यवस्था भए बमोजिम विशेष परिस्थितमा खरिद गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.४) प्रस्ताव नं.४ मा छलफल गर्दा जिल्ला प्रशासन कार्यालयको च.नं.६२१०० मिति २०७७।०१।३१ को पत्रबाट क्वारेन्टाइन क्षमता बृद्धिको लागि लेखि आएको हुंदा विदेशबाट फर्कनु हुने यस न.पा.का नगरबासीहरुलाई तोकिएको समयसम्म क्वारेन्टाइनमा राख्नको लागि यस न.पा. वडा नं.२ नक्टाझिज हजराचोकमा अवस्थित श्री जनता मा.वि. लाई क्वारेन्टाइन स्थल बनाउने र पछि आवश्यक भएमा बेड संख्या थप गर्ने गरी हाललाई ५० बेड संख्याको व्यवस्थाको लागि आवश्यक सामाग्रीहरु समेत खरिद गर्ने निर्णय पारित गरियो ।

०७७।२।१२

निर्णय नं.५) प्रस्ताव नं.५ मा छलफल गर्दा यस मिथिला नगरपालिका वडा नं. ३ निवासी सकुन महतोको छोरा जयनारायण महतोलाई क्यान्सर रोगको उपचारको लागि बि.पी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा बिपन्न नागरिकको सिफारिस गरिसकेको र वडा कार्यालयबाट निवेदकको माग बमोजिम औषधी उपचारको लागि आर्थिक सहायताको लागि पुनः अनुरोध भै आएको हुंदा जयनारायण महतोलाई औषधी उपचारको लागि आर्थिक सहयोग वापत रु.१०,०००।- (अक्षरेपी दश हजार मात्र) प्रदान गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.६) प्रस्ताव नं.६ मा छलफल गर्दा यस मिथिला नगरपालिका वडा नं. ७ निवासी नरबहाादुर कार्कीकी श्रीमती मनमायां कार्कीलाई क्यान्सर रोग लागेको हुंदा दोस्रो चरणको उपचारको लागि भरतपुर अस्पतालमा उपचार गराउन आर्थिक सहयोग वापत रु.१०,०००।- (अक्षरेपी दश हजार मात्र) प्रदान गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.७) यस मिथिला नगरपालिका वडा नं.४ पुष्पवलपुर स्वास्थ्य चौकीमा कार्यरत अ.न.मी चन्द्ररेखा यादवको कार्यालय समयमा सवारी दुर्घटनामा परी भएको निधन प्रति श्रद्धान्जलि अर्पण गर्नुका साथै शोक सन्तप्त परिवारजनमा गहिरो समवेदन व्यक्त गर्दै दिवङ्गत आत्माको चिर शान्तीको कामना गरीयो ।

०७६।२।२